
बागलुङ जिल्लामा घट्न सक्ने विपद्जन्य घटनाहरुको प्रभावकारी पूर्व तयारी तथा उद्दार गर्न तयार पारिएको

# Quick Response Team (QRT)/ Incident Response Team(IRT)

# परिचालन योजना -२०८२




जिल्ला प्रशासन कार्यालय

बागलुङ

बागलुङ जिल्लामा घट्न सक्ने विपद्जन्य घटनाहरुको प्रभावकारी पूर्व तयारी तथा उद्दार गर्न तयार पारिएको

# Quick Response Team (QRT)/ Incident Response Team(IRT)

# परिचालन योजना -२०८२

जिल्ला प्रशासन कार्यालय

बागलुङ

## विषय सूची


| क्र.सं. विषय | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. उद्देश्य | २ |
| ३. QRT तथा IRT को अवधारणा | २ |
| ४. Quick Response Team (QRT) परिचालन कार्ययोजना | ५ |
| ५. चुनौती | ८ |
| ६. निश्कर्ष | ८ |

## १. पृष्ठभूमि

सामान्य अवस्थामा रहेको मानव वा समुदायको ठूलो अथवा सानो क्षेत्र अकस्मात कुनै अकल्पनीय घट्ना घटी असामान्य अवस्थातर्फ उन्मुख हुन पुग्दछ त्यसलाई विपद् भनिन्छ। यसले मानव वा समुदायको नियमित कार्यशैलीमा गम्भीर अवरोधहरु सिर्जना गर्दछ। समुदायले आफ्नै सामर्थ्य प्रयोग गरेर सिर्जित असामान्य परिस्थितीको सामना गर्न सक्ने क्षमता राखेको हुँदैन। विविध प्राकृतिक वा मानव सिर्जित गतिबिधिका कारण हुने अनेकन प्रकोपजन्य क्रियाकलापहरुले मानव वा पुरै समाजलाई संकटासन्न अवस्थातर्फ डोऱ्याईरहेको हुन्छ। विपद्जन्य यस्ता घट्नाहरुले समाजमा अल्पकालीन वा दीर्घकालीन असरहरु स्थपित गर्ने गर्दछन् जसको योगलाई नै विपद्को प्रभाव मान्न सकिन्छ।

नेपालको सन्दर्भमा भन्नु पर्दा नेपाल एक बहुप्रकोपीय जोखिमयुक्त मुलुक हो। भूकम्पीय जोखिमको दृष्टिकोणबाट नेपाल बिश्वको ११ औं जोखिमयुक्त मुलुकमा पर्दछ भने जल उत्पन्न प्रकोपका हिसावले ३० औं जोखिमयुक्त मुलुकमा पर्छ। त्यसैगरी जलवायु परिवर्तनको संकटासन्न अवस्थामा नेपाल चौथो स्थानमा पर्दछ भने बहु जोखिमयुक्त मुलुकको सूचीमा नेपाल २० औं स्थानमा रहेको छ। यो परिप्रेक्षबाट हेर्दा नेपाल विपद्जन्य प्रकोपको सन्दर्भमा अत्यन्त संवेदनशील मुलुक हो। विगतका बर्षहरुदेखि नै यस जिल्लामा पनि यस्ता खालका विभिन्न प्रकोपहरुद्धारा जनधनको क्षति भैरहेको हुँदा सबै प्रकारका प्रकोपको सम्भावना पनि अत्यन्त बढि देखिन्छ।

समग्र नेपालको विपद् जोखिमका क्षेत्रहरुलाई आधार मानी यस बागलुङ जिल्लाको विपद् जोखिमका क्षेत्रहरुसँग तुलनात्मक मूल्याङ्कन गर्ने हो भने सबै जस्तो जोखिमहरुको प्रभाव बागलुङ जिल्लामा रहेको देखिन्छ। भूकम्प, जल उत्पन्नजन्य प्रकोप, चट्याङ्ग, आगलागी, दूर्घट्नाजन्य विपद् वा महामारी नै किन नहोस्, सबै आयामबाट बागलुङ जिल्लाको विपद्जन्य जोखिमको मुल्याङ्कन गर्दा बागलुङ जिल्ला बहुजोखिमयुक्त क्षेत्र हो भन्नु अतियुक्ति नहोला।

विपद्को मानकलाई आधार मानी समष्टिगत रुपमा जोखिमको मुल्याङ्कन गर्दा यदि बागलुङ जिल्लालाई विपद्जन्य बहुप्रकोपीय जिल्ला हुनाले उद्धारको पहुँच र सामर्थ्यको अझ बढी आवश्यकता छ। विपद्जन्य प्रकोपको उद्धारमा सकारात्मक प्रतिफलको प्राप्तिका लागि सरकारी तथा गैह्र सरकारी संघ संस्था एवम् समुदायको सामूहिक ऐक्यबद्धतापूर्ण साझा प्रयासले मात्र सम्भव हुने गर्दछ। तर विपद्जस्तो संवेदनशील अवस्थामा राज्यको प्रमुख दायित्व यो पनि हुन जान्छ कि तत्काल उद्धार हेतु राज्य संयन्त्रको परिचालन गर्न सकियोस्।

विपद् सम्बन्धमा अझ बागलुङ जिल्ला जस्तो जटिल भूगोलीय क्षेत्र भएको स्थानमा कहिलेकाँही चाहेर पनि उद्धार टोलीको शीघ्र परिचालनको सम्भावनाहरु केही ढिलो हुन सक्ने हुन्छ। यस्तोमा सम्भव हुने स्थानहरुको हकमा Quick Response Team (QRT) बनाई तत्काल परिचालन गर्नुपर्ने हुन्छ। Incident Response Team (IRT) लाई आवश्यक सामान तथा जनशक्ति जुटाउन केही समय लाग्न सक्ने हुँदा Quick Response Team (QRT) ले पीडितहरुको संवेदनाहरुलाई समयमै सम्बोधन गर्न सक्छ।

## २. उद्देश्य

विपद्को समयमा **Quick Response Team (QRT)** तथा **Incident Response Team (IRT)** को समूचित परिचालन गरी मानवीय र भौतिक क्षति कम गर्ने।

## ३. Quick Response Team (QRT) तथा Incident Response Team (IRT) को अवधारणा

### ३.१ Quick Response Team (QRT)

कुनै पनि विषयमा प्रतिकार्य गर्नका लागि लाग्ने समयलाई "Response Time" भनिन्छ। "Response Time" लाई बिना बिलम्ब यथाशीघ्र सम्वोधन गरिन्छ भने त्यसलाई "Quick Response Time" भनिन्छ। आकस्मिक अवस्थामा शीघ्र परिचालन हुने टोली जसले "Quick Response Time" मा प्रतिक्रिया जनाउँदछ भने त्यस्तो टोलीलाई "Quick Response Team" अर्थात QRT भनिन्छ। कुनै पनि स्थान जहाँ आपतकालीन अवस्था सिर्जना भएमा छिटो प्रतिक्रियाको लागि QRT परिचालन गराईन्छ। विपद् उद्धारको सन्दर्भमा कुरा गर्दा यसको तीब्र परिचालनको कारण प्रकोपजन्य क्षेत्रमा राज्यको शीघ्र उपस्थितिको प्रदर्शन भैरहेको हुन्छ भने सँगसँगै यसले पीडितको संवेदनासँग राज्यको सामिप्यता जोडिरहेको हुन्छ।

त्यसैले विपद् उद्धारको समयमा QRT परिचालन एकदम महत्वपूर्ण पक्ष हुन जान्छ। यो सानो, छरितो र सीमित उद्धारका सामाग्रीसहित प्रारम्भिक रुपमा खटिने टोली हो। यो टोलीका सबै सदस्यहरु विपद् जोखिम प्रतिकार्यमा दक्ष नभएको हुन सक्दछन्। यसले IRT (Incident Response Team) ले उपस्थिति जनाउनु भन्दा पहिला घट्नास्थलमा आफ्नो प्रतिकार्य थालनी गरिसकेको हुन्छ।

#### अ. Quick Response Team (QRT) को कार्य

क. खटिएको स्थानको यथार्थ विवरण लिने,
ख. आवश्यकता अनुसार प्रारम्भिक कार्यको थालनी गर्ने,
ग. प्रारम्भिक उपचार र जीवन उपयोगी अत्यावश्यक औषधीको व्यवस्था गर्ने,
घ. थप जोखिम न्यूनीकरणको प्रयास,
ङ. सम्भव भए सम्मका उद्धार,
च. प्राथमिक उपचार तथा अस्पताल पठाउने कार्य,
छ. अवस्थाको जानकारी Relay गर्ने/गराउने,
ज. IRT को आगमन पश्चात् घट्नास्थल IRT लाई हस्तान्तरण गर्ने,
झ. IRT को आगमन पश्चात् आवश्यकता अनुसारको भुमिका निर्वाह गर्न तयार रहने।

#### आ. Quick Response Team (QRT) को बनावट

क. कमाण्डर
ख. मेडिकल वा MFR सँग जानकार व्यक्ति
ग. ड्राईभर
घ. विपद् उद्धारमा तालिम प्राप्त व्यक्ति (आवश्यकतानुसार)
ङ. उद्धारमा सहयोगी टोली (आवश्यकतानुसार)
च. सुरक्षा टोली
छ. स्थानीय स्वास्थ्य संस्था प्रमुख र नगर प्रहरी

ज. आवश्यक सामग्री/यन्त्र उपकरण।

## ३.२ Incident Response Team (IRT)

विपद् व्यवस्थापनका तीन चरणहरुमध्ये आपतकालीन चरणमा पीडितहरुको व्यवस्थित उद्धारको लागि उद्धारसँग सम्बन्धी विविध क्षेत्रका दक्ष व्यक्तिहरुलाई पहिलेदेखि उद्धारजन्य साधनहरुसहित तयारी अवस्थामा राखिएको एकीकृत समूह नै IRT (Incident Response Team) हो। यो समूहमा विपद् उद्धारको समयमा आफ्नो भूमिका उद्देश्य अनुरुप निर्वाह गर्न सक्ने बिशिष्टिकृत व्यक्तिहरुको चयन गरिएको हुन्छ भने आवश्यकता अनुरुप उद्धार व्यवस्थापनसम्बन्धी ज्ञान भएका नागरिकलाई ईच्छित भएको अवस्थामा स्वयंमसेवकको रुपमा समेत समाबेश गर्न सकिन्छ। दक्षता नभएका व्यक्तिहरुको समूह भन्दा दक्षतायुक्त व्यक्तिहरुको सानो संख्याले पनि उद्धारमा बढी र व्यवस्थित योगदान पुऱ्याउने हुँदा IRT को शीघ्र परिचालन उद्धारको अवस्थामा सधै महत्वपूर्ण रहन्छ। यसको Timely Response ले थप मानवीय तथा भौतिक क्षतिको न्यूनीकरणमा ठूलो भूमिका निर्वाह गर्ने गर्दछ। IRT ले घट्नास्थलमा First Responder को रुपमा उपस्थित स्थानीय व्यक्तिहरु तथा QRT को रुपमा खटिएका उद्धार सम्बन्धी ज्ञानमा कमी भएका Responder हरु बाट हुन सक्ने संभावित कुनै पनि प्रकारका थप क्षतिलाई रोक्न मद्धत गर्दछ।

यस टिमले नितान्त उद्धारका विविध पक्षहरुलाई Field मा सम्बोधन गरिरहेको हुन्छ भने आवश्यकताअनुसार तुरुन्त अनिवार्य अन्य साधारण सहयोगमा समेत योगदान पुऱ्याउन सक्दछ।

### अ. Incident Response Team (IRT) को कार्य

क. यो टिम ठूलो र छुट्टा छुट्टै क्षेत्रसँग आवद्ध व्यक्तिहरुको मिश्रण रहने भएकोले बारम्बार अभ्यास गरिरहनु पर्दछ।

ख. आफ्नो जिम्मेवारी ईलाकाको विपद् जोखिमका क्षेत्रहरुको पहिले नै पहिचान गरी SWOT (Strength, Weakness, Opportunity, Threat) Analysis गर्ने

ग. उद्धारस्थलको बिस्तृत जानकारी लिने

घ. आ-आफ्नो भूमिकामा सुरक्षित परिचालन

ङ. Field Command Post को स्थापना

च. बिभिन्न क्षेत्रसँग आवद्ध व्यक्तिहरु हुने भएकोले Incident Commander ले समन्वयात्मक भूमिका निर्वाह गर्दै उचित रुपमा मानवीय र भौतिक स्रोत साधनको व्यवस्थापन गर्ने

छ. उद्धारका साथसाथै खोजी कार्यलाई समेत अगाडी बढाउने

ज. सम्भव भए सम्मको मेडिकल सुविधा उपलब्ध गराउने

झ. घाईतेको बर्गीकरण र प्राथमिकता

ञ. घाईते तथा मृतकको विवरण संकलन

ट. आवश्यकतानुसार कानूनी प्रावधान पूरा गर्नु

ठ. आफन्तसँग छुट्टिएका वा आफन्त गुमाएका बालबालिका तथा जेष्ठ नागरिकहरुको सुरक्षा र कानूनी ब्यबस्थापन

ड. शव व्यवस्थापन

ढ. एकद्वार सूचना सम्प्रेषण

ण. Central Command Post सँग समन्वयमा रहने

त. पीडित (बिशेषत: बालबालिका, महिला जेष्ठ नागरिक तथा असक्त) लाई तत्काल आवश्यक मानवीय सहायताको प्रयास

थ. सुरक्षाको प्रत्याभूत तथा सूचना संकलन

**आ. Field Command Post को कार्य**

क. Incident Commander (IC) ले overall lead गर्ने

ख. सकेसम्म सबै Unit बाट खटिएका सदस्यहरुबाट १ जना प्रतिनिधि रहने गरी Field Command Post निर्माण गर्ने

ग. खोज तथा उद्धारमा Confusion र भद्रगोल नहोस् भन्नका लागि निश्चित दक्ष व्यक्तिहरु तोकी तुरुन्त खटाउने

घ. खोज तथा उद्धार जस्ता कार्य लामो समय एकोहोरो गरिरहन कठीन हुने हुँदा दक्ष टोली बिभाजन गरी आलोपालोको व्यवस्था गर्ने

ङ. उद्धारमा खटिएका Unit हरुलाई भिडभाड नहुने किसिमले स्थान व्यवस्थापन गर्ने

च. Central Command Post सँग समन्वय गर्ने

छ. लामो समयको उद्धारमा IRT को खाना र बस्नको व्यवस्थापन

ज. उद्धारमा परिचालित एक Unit र अर्को Unit बीचको समन्वय

झ. IRT को सुरक्षा व्यवस्था

ञ. बिभिन्न Unit हरुले गरेका टिपोटको विवरणहरुलाई समय समयमा Documentation गर्दै जाने

ट. भैरहेको उद्धार तथा मानवीय सहायताको Monitoring गरी आवश्यक रहेमा सुझाव तथा निर्देशन दिने

**इ. Incident Response Team (IRT) को बनावट तथा कार्य बिभाजन**

| | | |
|---|---|---|
| क. स्थानीय प्रशासन | - | समन्वयकारी तथा सहजीकरणकारी भूमिका, नीतिगत निर्णय |
| ख. नेपाली सेना | - | खोज, उद्धार तथा सुरक्षा |
| ग. नेपाल प्रहरी | - | खोज, उद्धार, सुरक्षा तथा मुचुल्का, कानूनी प्रक्रिया लगायतको तयारी |
| घ. सशस्त्र प्रहरी | - | खोज, उद्धार तथा सुरक्षा |
| ङ. रा.अ.बि | - | आवश्यकतानुसार सूचना संकलन |
| च. रेडक्रस | - | मानवीय तथा Medical support तथा Ambulance ब्यबस्थापन |
| छ. जिल्ला अस्पताल/स्थानीय स्वास्थ्य संस्था | - | स्वास्थ्यकर्मी Medical support र Ambulance ब्यबस्थापन |
| ज. स्वयंम सेवक | - | खोज तथा उद्धारमा सहयोगी वा मानवीय सहयोग |
| झ. स्वदेशी तथा विदेशी संघ संस्था | - | मानवीय सहयोग |
| ञ. स्थानीय तहहरु | - | खोज, उद्धारमा समन्वय, सहयोग र |

सहजीकरण

ट. नागरिक समाज - समन्वय, सहयोग र सहजीकरण

IRT गठन गर्दा विपद् घटना विशेषको विज्ञ निकायको प्रमुखको संयोजकत्वमा IRT गठन गरी समन्वयात्मक रुपमा परिचालन हुन्छ।

## ४. Quick Response Team (QRT) परिचालन कार्ययोजना

### ४.१ परिचय

Quick Response Team (QRT) कुनै पनि घटना पश्चात तत्काल सो स्थानमा परिचालित भई विपद् प्रतिकार्य गर्नका लागि गठन गरिएको समूह हो जसमा १०-१५ जनासम्म सदस्यहरु राख्न सकिन्छ। कुनै पनि विपद घट्ना पश्चात तत्काल सो स्थानमा प्रहरी वा अन्य सुरक्षाकर्मी पुग्न समय लाग्ने, घाइते तथा फसेर बसेका व्यक्तिहरुको तत्काल उद्दार नगरे ज्यानै जान सक्ने तथा बाढी, पहिरो जस्ता प्राकृतिक विपद्बाट पुल, सडक आदिमा क्षति पुग्न गई सम्बन्धित स्थान सम्म थप मद्दत पुग्न समय लाग्न सक्ने हुँदा स्थानीय व्यक्तिहरु नै प्रतिकार्यमा खटिँदा क्षति, हानि कम हुनुका साथै विपद्मा परेका व्यक्तिको जीवन रक्षा गर्न सकिने छ। Quick Response Team (QRT) सदस्यहरु छनौट गर्दा स्थानीयस्तरमै कृषि, पशुपालन वा अन्य उद्यम सञ्चालन गरी बसेका वा खाली बसेका लगनशील युवाहरु छनोट गर्न सकिने छ। स्थानीयस्तरमा घटेका घटनाहरुमा स्थानीय व्यक्तिहरुको जिम्मेवारीपन तथा एकजुट भई प्रतिकार्य गर्ने संस्कारको विकास हुनेछ।प्रत्येक स्थानीय तहमा कम्तिमा १ वटा र बढिमा आवश्यकता अनुसार संख्यामा यस्ता Quick Response Team(QRT) हरुको गठन तथा तालिम प्रदान र सञ्चालन गर्न सकेमा यसले विपद् प्रतिकार्यमा स्थानीयको भूमिका वृद्धि हुनुका साथै अन्य जिल्लाहरुको लागि समेत एक उदाहरणीय कार्यको रुपमा रहने छ।

### ४.२. उद्देश्य

- विपद् जोखिम न्यूनिकरण गर्न।
- कुनै पनि विपद्का घटनामा प्रभावकारी प्रतिकार्य गर्न।
- विपद्का घटनाबाट हुन सक्ने क्षति न्यूनिकरण गर्न।
- स्थानीय विपद् घटनाहरुमा स्थानीयको सहभागिता वृद्धि गर्न।
- विपद्का घटनाहरुको सवै मिलेर प्रतिकार्य गर्न।

### ४.३. Quick Response Team (QRT) टोलीको बर्गीकरण

उद्दार कार्य गर्दा टोलीलाई उचित निर्देशन नियन्त्रण गर्न १ जना वडा प्रतिनिधि (अध्यक्ष/सदस्य वा स्थानीय संघ संस्थाको प्रमुख) को संयोजकत्वमा Quick Response Team (QRT) टोलीको गठन गरिने छ। जसको बर्गीकरण यस प्रकार रहने छ।

१. स्थानीय प्रतिनिधि १ जना - संयोजक

२. अन्य उद्दारकर्ताहरु बढिमा १४ जना - सदस्य

### ४.४. तालिम

Quick Response Team (QRT) का सदस्यहरुलाई स्थानीयस्तरमा बढि घटने विपद्का घटना अनुसारका तालिमहरु जस्तैः- आगोलागी नियन्त्रण, प्राथमिक उपचार, Water Rescue, आदि तालिम विभिन्न तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरी सञ्चालन गरिने छ। यसको सम्पूर्ण आर्थिक

व्ययभार सम्बन्धित स्थानीय निकायको समन्वयमा गरिने छ। एक पटक तालिम प्राप्त गरीसकेका सदस्यहरुलाई बर्षमा कम्तिमा दुई पटक पुर्नताजगी तालिम तथा अभ्यास सञ्चालन गरिनेछ।

## ४.५. Quick Response Team (QRT) को लागि उद्दार सामग्रीहरु

आफ्नो एरियामा घट्ने विपद्का घटनासँग सम्बन्धित उपकरणहरु सम्बन्धित स्थानीय तहले खरिद गरी उद्दार कार्यमा खटिँदा प्रयोग गर्न मिल्ने र पायक पर्ने स्थानमा भण्डारण गरी राख्नु पर्नेछ । त्यस्ता सामाग्रीहरु प्राथमिक उपचार, आगोलागी, खोचबाट उद्दार, नदिमा गरिने उद्दार, बाढी पहिरोमा गरिने उद्दार आदिसँग सम्बन्धित सामाग्रीहरु हुन सक्दछन् ।

**प्राथमिक उपचारसँग सम्बन्धित सामाग्रीहरुः-**

- किटबक्स
- ब्यान्डेस, कटनगज,
- त्रिकोणपट्टी, गजप्याड, कपास
- बेटाडिन, डिटोल
- स्ट्रेचर
- काभ्रो (Split)
- मास्क, मेडिकल ग्लोभ्स

**आगोलागीसँग सम्बन्धित सामाग्रीहरुः-**

- Fire Extinguisher (अग्निसमक यन्त्र)
- भऱ्याङ
- Fire shout
- Fire Gloves, Fire boot
- Fire Helmet, Fire Softy glass
- B.A. Set

**खोचबाट उद्दारसँग सम्बन्धित सामाग्रीहरुः-**

- Rope (डोरी) (Static & Dynamic)
- ATC Guide
- Big pulley
- Jammer
- Harness
- Rock Helmet, Rock shoes, Rock Glove

**नदिमा, बाढी पहिरोसँग सम्बन्धित सामाग्रीहरु**

- Rope (डोरी) (Static & Dynamic)
- Throw Bag
- लाईफज्याकेट
- हेल्मेट
- साबेल, गैंची, गल, फरुवा, घन
- Dead Body Bag
- Life Buoy Ring

### ४.६. Quick Response Team (QRT) को परिचालन

विपद्का घटनाहरुको सूचना प्राप्ति पश्चात् Quick Response Team (QRT) टोली तत्काल सो घटनास्थलमा परिचालित भई कार्य गर्नुपर्नेछ। परिचालन अवधि भरको पारिश्रमिक सम्बन्धित स्थानीय तहले नै प्रदान गर्नुपर्ने छ। यसरी पारिश्रमिक प्रदान गर्ने सम्बन्धमा घण्टे, दैनिक, साप्ताहिक आदि रुपमा सम्बन्धित स्थानीय तहले स्थानीय दररेट अनुसार पारिश्रमिक निर्धारण गर्नेछ। Quick Response Team (QRT) टोलीलाई परिचालन अवधिको उचित पारिश्रमिक प्रदान गर्नाले उनीहरुमा विपद् प्रतिकार्य प्रति सकारात्मक उर्जा प्राप्त हुने तथा प्रभावकारी प्रतिकार्य सञ्चालन गर्न सकिने छ।

त्यसरी खटिई गएको Quick Response Team (QRT) टोलीले आफ्नो सीप, योग्यता, क्षमता, तालिम आदिले भ्याएसम्म प्रतिकार्य गर्नुका साथै अवस्था थप विग्रन नदिने तथा कानूनी बाधा अड्चन आँउन सक्ने अवस्थामा घटनास्थलमा जिम्मेवार निकाय, नेपाल प्रहरी नपुग्दासम्म उचित संरक्षण प्रदान गर्नेछन् र तालिम प्राप्त टोली घटनास्थलमा आइपुगे पश्चात त्यस्तो टोलीसँगको समन्वयमा उद्दार कार्य गर्नेछन् ।

यसरी उद्दार कार्य गर्दा सम्पूर्ण सदस्यहरु स्थानीय प्रतिनिधिको उचित निर्देशन समन्वयमा उद्दार कार्य सञ्चालन गर्नु पर्नेछ। बागलुङ जिल्लाका सबै स्थानीय तहहरुमा निम्नानुसार QRT टोली गठन गरी परिचालन गरिनेछ।

<table>
<tr><th>क्र.सं.</th><th>स्थानीय तहको नाम</th><th>QRT टोली गठन संख्या</th><th>सञ्चालन</th><th>कार्य प्रगति</th></tr>
<tr><td>१</td><td>बागलुङ नगरपालिका</td><td>१४</td><td rowspan="10">विपद् पूर्व तयारी विपद्को बखत तथा पुनर्स्थापनाको बखत आवश्यकता अनुसार परिचालन गरिने।</td><td rowspan="11">बागलुङ जिल्ला स्थित ८५ वटै वडामा वडा अध्यक्ष वा सदस्यको संयोजकत्वमा टोली गठन गरी परिचालित भएको हुने।</td></tr>
<tr><td>२</td><td>जैमिनी नगरपालिका</td><td>१०</td></tr>
<tr><td>३</td><td>गलकोट नगरपालिका</td><td>११</td></tr>
<tr><td>४</td><td>ढोरपाटन नगरपालिका</td><td>९</td></tr>
<tr><td>५</td><td>काठेखोला गाउँपालिका</td><td>८</td></tr>
<tr><td>६</td><td>ताराखोला गाउँपालिका</td><td>५</td></tr>
<tr><td>७</td><td>बरेङ गाउँपालिका</td><td>५</td></tr>
<tr><td>८</td><td>बडिगाड गाउँपालिका</td><td>१०</td></tr>
<tr><td>९</td><td>निसीखोला गाउँपालिका</td><td>७</td></tr>
<tr><td>१०</td><td>तमानखोला गाउँपालिका</td><td>६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८५</td><td></td></tr>
</table>

## ५. चुनौती

- QRT विपद् उद्धार गरिनु पर्ने स्थानको सबै भन्दा नजिकको सुरक्षा निकायको Unit बाट परिचालित भएको हुने तथा IRT सदरमुकामबाट नै खटिनु पर्ने बाध्यता साथै जटिल भौगोलिक अवस्थाको कारण QRT पुगेको लामो समय सम्म पनि IRT पुग्न नसक्ने अवस्था सिर्जना हुन सक्ने।

- भौगोलिक बिकटताकै कारण QRT समेत समयमा पुग्न नसक्ने अवस्था हुन सक्ने।
- बिभिन्न Unit मा छरिएर रहेका खोज तथा उद्धारकहरुलाई समेट्न समय लाग्न सक्ने।
- उद्धारका सामाग्रीहरुको आवश्यकता अनुसारको उपलब्धता हुन नसक्ने।
- भएका सामाग्रीहरु समेत बिभिन्न कार्यालयहरुमा छरिएर राखिएको हुँदा विपद्को समयमा जम्मा गर्न समय लाग्ने हुँदा सदरमुकाममा District Disaster Rescue Equipment Center को स्थापना।
- IRT केही ठूलो आकारको हुने भएकोले समन्वयमा समय लाग्न सक्ने।

## ६. निष्कर्ष

विपद् टार्न नसकियता पनि पूर्व तयारी गरेको अवस्थामा यसबाट उत्पन्न हुने क्षति न्यूनीकरण गर्न सकिन्छ। यसको लागि हामीले विविध मापदण्डहरुको अनुशासित तवरले पालन गर्नु पर्दछ। साधन श्रोतको हिसाबले होस वा परिपक्वताको हिसाबले हामी त्यस तर्फ अग्रसर त भैरहेका हुन सक्छौं तर त्यो सचेतनाको बिन्दुमा पुगिसकेका छैनौं। यसको अर्थ आजको समयसम्म क्षति न्यूनीकरणको सन्दर्भमा हाम्रो पहिलो बिकल्प शीघ्र उद्धार नै हो। यद्यपि विपद् उद्धारमा उद्धारकको सीघ्र परिचालनको उपदेयता सदैव महत्वपूर्ण रहने गर्दछ तर हाम्रो सन्दर्भमा यो अझ बिशेष र महत्वपूर्ण रहेको छ। भौगोलिक, प्रविधिक लगायत यावत कारणहरुले कहिलेकाहीँ अपेक्षाकृत समयमा उद्धारकहरु परिचालन हुन कठिन रहन्छ। त्यो परिस्थितिमा नजिकको ईकाईबाट QRT परिचालन गरी न्यूनतम प्रतिक्रियात्मक कार्य गर्ने हो भने त्यसले एकातर्फ क्षतिको मानकलाई कम गराउन निकै मद्दत गर्दछ भने अर्को तर्फ विपद् जस्तो संवेदनशील अवस्थामा राज्यको उपस्थिति छिटो छरितो र प्रभावकारी हुन जान्छ। त्यसैले विद्यमान चुनौतीलाई समाधान गर्दै QRT र IRT परिचालन आवश्यकतानुसार सही तवरबाट गर्न सके त्यो विपद् उद्धारको क्षेत्रमा थप परिणाममुखी हुने देखिन्छ।




# जिल्ला प्रशासन कार्यालय
# बागलुङ